# सिद्धार्थ बैंकको 'टपअप फोन पे डाइरेक्ट गरौं, बम्पर उपहार जितौं'

आर्थिक संवाददाता
काठमाडौं, चैत ५

सिद्धार्थ बैंकले एफ १ सफ्ट र फोन पेसँगको सहकार्यमा 'टपअप फोन पे डाइरेक्ट गरौं, बम्पर उपहार जितौं' नयाँ अभियान सार्वजनिक गरेको छ । अभियानअन्तर्गत ग्राहकहरूले आईफोन १६ जिल्ने अवसर रहेको फोनपेले जनाएको छ ।

यस अभियानले ग्राहकहरूलाई सिद्धार्थ बैंक स्मार्ट एक्सपी मोबाइल बैंकिङ एपमार्फत डिजिटल कारोबार गर्न प्रोत्साहित गर्नेछ । मोबाइल टपअप र फोन पे डाइरेक्ट कारोबारलाई प्रवर्द्धन गर्दै, बैंकले डिजिटल बैंकिङ सेवालाई अझ सहज, सुरक्षित र पहुँचयुक्त बनाउने लक्ष्य राखेको छ ।

अभियानमा सहभागी हुनका लागि ग्राहकहरूले कम्तीमा एक सय रूपैयाँको मोबाइल टपअप र पाँच सय रूपैयाँको फोन पे डाइरेक्ट कारोबार अभियान अवधिभित्र पूरा गर्नुपर्नेछ । यस प्रक्रियालाई पूरा गरेपछि, ग्राहकहरु साप्ताहिक तथा बम्पर उपहारका लागि स्वतः योग्य हुनेछन् ।

यस अभियानअन्तर्गत् प्रत्येक हप्ता एक सय जना भाग्यशाली विजेताहरूले एक सय रूपैयाँको मोबाइल टपअप जिल्न सक्ने छन् । साथै, अभियान समाप्त भएपछि एक जना भाग्यशाली विजे ताले नयाँ आइफोन १६ जिल्ने अवसर प्राप्त गर्नेछन् । यो अभियान २०८१ चैत्र १ दे खि चैत्र ३१ सम्म सञ्चालन हुनेछ । सिद्धार्थ बैंकले आफ् ना ग्राहकहरूलाई डिजिटल कारो बारमा सहभागी भई यो सुनौलो अवसरको फाइदा लिन आग्रह गर्दछ । यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र, 'सिद्धार्थ के यर'मा सम्पर्क गर्न सक्नेछन् ।

बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रो त्साहन गर्ने क्रममा केही समयअघि मात्रै 'सिद्धार्थ रि वार्डस' नामक लोयल्टी सेवा पनि सञ्चालनमा ल्याएको छ ।

# एनएमबी बैंकको ग्रिन सेभिङ्स डिपोजिट

आर्थिक संवाददाता
काठमाडौं, चैत ५

एनएमबी बैंकले ग्रिन से भिङ्स डिपोजिट (हरित बचत खाता) नामक बचत खाता योजना सुरू गरेको छ । सो खाताले वातावरण संरक्षणमा व्यक्ति र संस्थाहरूलाई आफ्नो महत्वपूर्ण भूमिका खेल्न मद्दत गर्छ । यस खातामा जम्मा भएको रकम सौर्य ऊर्जा, कर्जा बचत र प्रकृतिलाई जगेर्ना गर्ने हरित परियोजनाहरूमा मात्र प्रयोग गरिनेछ ।

सो खाताबाट ग्राहकहरूले आफ्नो लगानीको राम्रो प्रतिफल पाउनु मात्र नभई हरित ऋणहरूमा समेत विशे ष छुटहरु पाउन सक्नेछन् । एनएमबी बैंकको ग्रिन से भिङ्स डिपोजिट खाता खो ली, ग्राहकहरूले पनि जलवायु परिवर्तनविरूद्ध लड्न र ने पालालई थप दिगो बनाउन हातेमेलो गर्न सक्ने छन् ।

एनएमबी बैंक पर्यावरणमैत्री बन्न र सन् २०४५ सम्ममा नेपालको शून्य प्रदूषणको लक्ष्यलाई समर्थन गर्न प्रतिबद्ध छ र सो खातामार्फत ग्राहकले पनि आफ्नो प्रतिबद्धता जनाउन सक्ने बैंकले जानकारी दिएको छ ।

बैंकले हाल देशभर दुई सय दुई वटा शाखाहरू, एक सय ८७ वटा एटीएमहरु र नौ वटा एक्सटेन्सन काउन्टरमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

# स्वावलम्बनको वित्तीय साक्षरता

आर्थिक संवाददाता
काठमाडौं, चैत ५

स्वावलम्बन लघुवित्त वित्तीय संस्थाद्वारा आयोजित "विद्यार्थीहरूसंग वित्तीय साक्षरता तथा वातावरण संरक्षण" कार्यक्रम सम्पन्न भएको छ । संस्थाले काठमाडौंको शंखरापुर नगरपालिका साँखु स्थित भगवती माध्यामिक विद्यालयमा आयोजना गरेको कार्यक्रममा दुई सय ४० भन्दा बढी विद्यार्थीहरुको सहभागिता थियो । यूवा तथा विद्यार्थीहरूमा वित्तीय सचेतना जगाउने, वातावरण सरक्षण गर्ने र ३ शुन्य (शुन्य खुद कार्वन उत्सर्जन, शुन्य गरिवी र शुन्य बेरोजगारी) अवधारणाको विकास गर्ने उद्देश्ले शाखा कार्यालय साँखु, काठमाडौंले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सो कार्यक्रम गरेको हो ।

कार्यक्रममा संस्थाका नायब महाप्रवन्धक गोविन्द

चापार्गाँईले कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेको र प्रवन्धक सुमन श्रेष्ठले श्रोत व्यक्तिको रूपमा वित्तीय साक्षरता कार्यक्रम र ३ शुन्य कार्यक्रमको प्रस्तुतीकरण गरेका थिए । उक्त अभिमूखिकरण कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अनुप श्रेष्ठ, उप-प्रधानाध्यापक संजीव श्रेष्ठ लगायत शिक्षकहरू, शाखा कार्यालयका कर्मचारीहरू लगायत अभिभावकहरूको समेत सहभागीता थियो

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. कम्पनी ऐन बमोजिम नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न ईजाजत पत्र प्राप्त 'घ' वर्गको राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो । संस्थाले देशभर ६१ जिल्लामा रहेका एक सय ४५ वटा शाखा/उपशाखा र नौं वटा ईलाका कार्यालयहरू मार्फत करीव दुई लाख ६३ हजार भन्दा बढी विपन्न महिला सदस्यहरूलाई समूहमा आवद्ध गराई बचत, कर्जा, विप्रेषण, लघुबीमा लगायतका अत्यावश्यक बैकिङ्/वित्तीय सेवा उपलब्ध गराउदै आएको छ ।

# सिटिजन्स बैंकको मोबाइल बैंकिङ एपमा थप सुविधा

आर्थिक संवाददाता
काठमाडौं, चैत ५

सिटिजन्स बैंकले ग्राहकहरुको लागि अब घरमै बसीबसी बैंकको मोबाइल बैंकिङ एपमार्फत आफ्नो खातामा प्यान अपडेट गर्न सक्नुका साथै ब्यालेन्स सर्टिफिकेट आवश्यक परेमा एपमार्फत अनुरोध गर्न सकिने व्यवस्था मिलाएको छ । यस सुविधापश्चात ग्राहकहरूले बैंकको शाखा कार्यालय नगई सहज र झन्झट मुक्त सुविधा प्राप्त गर्न सक्ने विश्वास बैंकले लिएको छ ।

विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द इयर २०२४को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फो नपेसँगको सहकार्यमा नेपालमै पहिलोपटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ साथै नेपालमै पहिलो पटक मो बाइल बैंकिङ एपमार्फत नै सेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुविधा पनि ल्याएको छ ।

बैंकले देशैभरि ६० जिल्लामा फैलिएका आफ् ना एक सय ९९ वटा शाखा, एक सय ६६ वटा एटीएम, तीन वटा विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ इकाईहरूबाट ९८ लाख ५० हजार ग्राहकलाई आधुनिक बैंकिङ सेवाहरु प्रदान गर्दै आएको छ ।

# पोखरा फाइनान्सको वार्षिकोत्सवमा रक्तदान

आर्थिक संवाददाता
काठमाडौं, चैत ५

पोखरा फाइनान्स लिमिटेडले आफ्नो २८ औं वार्षिकोत्सवको अवसर मा वित्तीय संस्थाको केन्द्रीय कार्यालयको प्राङ्गणमा र त्तदान कार्यक्रम सम्पन्न गरे को छ । वित्तीय संस्थाका अध्यक्ष राजकुमार गुरुङले वित्तीय संस्थाका सञ्चालक प्रतिक गुरुङलाई ब्लड ब्याग हस्तान्तरण गरी शुभारम्भ भएको रक्तदान कार्यक्रममा संस्थाका कर्मचारी र सर्वसाधारणले रक्तदान गरेका थिए ।

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरुङले स्थापनाकालको २८ औं वर्षसम्म आइपुग्दा संस्थाले ठूलो संख्यामा ग्राहकलाई अत्याधुनिक बैंकिङ सुविधासहितको सेवा प्रदान गर्नुका साथै संस्थागत सामाजिक उत्तरदायित्वको काममा समेत सहभागी भई सामाजिक कार्यहरूलाई उच्च प्राथमिकता दिँदैअघि बढिरहे को जानकारी दिँदै वित्तीय संस्थाको यस निरन्तर यात्रामा सद्भाव र सहयोग गर्ने सम्पूर्ण ग्राहक, सेयरधनी, शुभचिन्तक एवं कर्मचारी तथा नियामक निकायप्रति हार्दिक धन्यवाद व्यक्त गरेका थिए ।

## गोलन्जोर गाउँपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

(सूचना प्रकाशित मिति २०८१।१२।०६)

प्रस्तुत विषयमा यस कार्यलयवाट आ.व. २०८१।२०८२ बार्षिक वजेट अनुसार मिति २०८१।१०।१४ गतेको प्रक्षेपण राष्ट्रिय दैनिक र PPMO e-GP system को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको । लागि सम्बन्धीत सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

| क्र.सं | ठेक्का नं | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम म.अ. कर सहित |
|---|---|---|---|---|
| 1 | GRM/SIN/WORKS/ NCB/18/081/082 | Bhanjyandada Twang Twange Gaikhure Sadak Staronnati | Lok Om Construction And Suppliers Pvt. Ltd., Tinpatan-6, Sindhuli | २२,७३,१२८।५० |
| 2 | GRM/SIN/WORKS/ NCB/19/081/82 | Birtatar Lift Sichai Yojana | Jayabal Construction Pvt. Ltd., Sunkoshi-5, Sindhuli | ८६,९९,३९४।२८ |

## जय शम्भो बचत तथा ऋण सहकारी संस्था लि.
का.म.पा. १८ नरदेवी काठमाडौं

### ऋण/कर्जा चुक्ता भुक्तानी गर्न आउने बारेको ३१ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१।१२।०६ गते

तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले यस संस्थाबाट लिनु भएको ऋण/कर्जाको भुक्तानी मिति समाप्त भई ऋण चुक्ता गर्न पटक/पटक मौखिक लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता फर्छ्यौट नगरी संस्थासंग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्पूर्ण रकम बुझाउन तपशिलमा ऋणीहरुको नाममा सूचना प्रकाशित गरिएको छ । यो अवधि भित्र कर्जावालाले यस संस्थामा सम्पर्क राखी लिएको कर्जाको साँवा ब्याज तथा अन्य दस्तुर समेत चुक्ता गर्नु होला । अन्यथा संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली, विनियम तथा सहकारी ऐन २०७४, नियमावली २०७५ बमोजिम कारवाही गरि लेन असुल उपर गर्न धितो लिलाम तथा अन्य जायजेवा समेतबाट असुली उपर गरिने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र सं | ऋणीको नाम थर | ठेगाना | तीनपुस्ते | धितोको विवरण |
|---|---|---|---|---|
| १. | राजेश तिमिल्सीना | तारकेश्वर न.पा.१६, धर्मस्थली | बाबुको नामः रामेश्वर तिमिल्सीना बाजेको नामः भवनाथ तिमिल्सीना | ऋणीको नाममा दर्ता भएको धर्मस्थली ९/ग कि.नं. २५५ क्षे.फ. ०-३-२-० जग्गा र चर्चेको लिगलगायात समेत |
| २. | मिना बस्नेत | तारकेश्वर न.पा.१६, धर्मस्थली | बाबुको नामः राम शरण बस्नेत बाजेको नामः समर बहादुर बस्नेत | ऋणीको नाममा दर्ता भएको धर्मस्थली ९/ग कि.नं. २५६ क्षे.फ. ०-३-२-० जग्गा र चर्चेको लिगलगायात समेत |

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/१२/०६)

यस बैंकवाट ऋण लिएका तपसिल वमोजिमका ऋणीले ऋण लिई गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकवाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्न तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्न सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल वमोजिमको धितो लिलाम बिक्री गर्न, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोवाट असुल उपर हुन नसके वा आशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतवाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिन्का साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहर लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफूले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए वमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

१

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण (बिराटचोक शाखा, मोरङ)**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ वमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा मिति २०६९/०४/०७ मा प्रा.फ.र.नं. १८६४/०६९/०७० अन्तर्गत दर्ता भएको **राजश्री हार्डवेयर स्टोर ।**
ठेगानाः सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०४, मिलन चोक ।
**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
खडानन्द पौडेलको नाति भीम प्रसाद पौडेलको छोरा मोरङ जिल्ला सुन्दरपुर गा.पा. वडा नं. ६ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ६११२० (जारी मितिः २०५८/०६/१४, स्थान मोरङ) भएका **ढक मणि पौडेल ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. लिला नाथ चापागाईकी छोरी खडानन्द पौडेलकी वुहारी भीम प्रसाद पौडेलकी श्रीमती मोरङ जिल्ला दुलारी गा.पा. वडा नं. १ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ६३९७/०३३/३४ (जारी मिति २०३४/०२/२०, स्थान मोरङ) भएकी **चित्र कुमारी पौडेल ।**
२. हरिभक्त पौडेलको नाति खडानन्द पौडेलको छोरा मोरङ जिल्ला दुलारी गा.पा. वडा नं. १ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ६२५५ (जारी मितिः २०३४/०२/१३, स्थान मोरङ) भएका **भिम प्रसाद पौडेल ।**
३. खडानन्द पौडेलको नाति भीम प्रसाद पौडेलको छोरा मोरङ जिल्ला सुन्दरपुर गा.पा. वडा नं. ६ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ४/१०७७ (जारी मितिः २०६१/०६/०१, स्थान मोरङ) भएका **टंक मणि पौडेल ।**
४. पूर्ण बहादुर बस्नेतकी छोरी भीम प्रसाद पौडेलकी वुहारी ढक मणि पौडेलकी श्रीमती मोरङ जिल्ला केराबारी गा.पा. वडा नं. ६ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ०५३०१०/६१३ (जारी मिति २०६३/१०/२२, स्थान मोरङ) भएकी **एनिसा बस्नेत ।**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
मोरङ जिल्ला दुलारी गा.पा. वडा नं. १ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०४ बस्ने, **चित्र कुमारी पौडेलको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०४ नक्सा सीट नं. ४ख मा अवस्थित कि.नं. ८३८ क्षेत्रफल ०-५-०-० विघा जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत ।

२

**ऋणीको नाम र ठेगानाको विवरण (धापासी शाखा, काठमाडौं)**

नैन सिंह गुरुङकी नातिनी शम्भुराज गुरुङकी छोरी सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०८ स्थायी घर भई हाल काठमाडौं जिल्ला मिलनटोल, टोखा न.पा. वडा नं. ०९, बस्ने, ना.प्र.नं. ०६/३१८५६ (जारी मितिः २०६३/०६/२४, स्थान सुनसरी) भएकी **दिवा गुरुङ ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

वल बाठ गुरुङकी नातिनी शिव प्रसाद गुरुङकी छोरी सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०६ स्थायी घर भई हाल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १५८२/२२५१ (जारी मितिः २०३९/०३/१६, स्थान सुनसरी) भएकी **कृष्ण गुरुङ ।**

३

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण (भलवारी शाखा, रुपन्देही)**

प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम, प्रदेश सरकार, लुम्बनी प्रदेश, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा मिति २०७९/०७/२० मा प्राइभेट फर्म दर्ता नं. २४०१४.०७९.०८० भएको **शिवा फुड प्रोडक्टस ।**
ठेगानाः रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १५, मधौलिया ।
**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
बिहारीलाल कशौधनकी छोरी, माखन लाल कसौधनकी बुहारी, सत्यजित कसौधनकी श्रीमती, रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ३७/१०२४/१०५३४ (जारी मितिः २०६७/०६/०६, स्थानः रुपन्देही ) भएकी **दिपिका कशौधन ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. शिव प्रसाद कसौधनको नाति, नारायण प्रसाद कसौधनको छोरा, रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. १०३४० (जारी मितिः २०३४/०८/२९, स्थानः रुपन्देही) भएको **माखन लाल कसौधन ।**
२. सत्य नारायण प्रसाद कसौधनकी छोरी, नारायण प्रसाद कसौधनकी बुहारी, माखन लाल कसौधनकी श्रीमती, रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०२ स्थायी घर भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ६०१७ (जारी मितिः २०४५/१२/१५, स्थानः रुपन्देही). भएकी **श्रीमती पुष्पा देवी कसौधन ।**
३. नारायण प्रसाद कसौधनको नाति, माखन लाल कसौधनको छोरा, रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०४ स्थायी घर भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ११९४२ (जारी मितिः २०५७/१०/२०, स्थानः रुपन्देही) भएको **सत्यजित कसौधन ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०२ स्थायी घर भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १५ बस्ने, **पुष्पा देवी कसौधन** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, मधवलिया गा.वि.स. वडा नं. ०२, नक्सा सिट नं २क मा अवस्थित कि.नं. ९५५ क्षेत्रफल ३३८.५८ वर्ग मि. जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७८७१